CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# प्लम्बर (Plumber)
# स्किल्ड ट्रेड टेस्ट
# नमुना प्राक्टिकल प्रश्नपत्र

此文件關於水喉大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Plumber. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू ट्रेड टेस्ट सेन्टर (Trade Test Centre) लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | :(852)2100 9000 |
| फ्याक्स नम्बर | :(852)2100 9249 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०१८ कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# प्लम्बर - ट्रेड टेस्ट पेपर

ट्रेड : प्लम्बर (Plumber)

ग्रेड : क्राफ्टम्यान (Craftsman)

परीक्षाको विषयवस्तु : दिइएको ड्रइंग अनुसार निम्न कार्यहरूलाई तोकिएको स्थानमा पूरा गर्नुहोस्:

1. पानीको परीक्षणसहित ड्रेन, फ्लसिङ, पानीका पाइपहरू तथा सेनेटेरी वेयर जडान गर्ने । (ड्रइंग नं. 1,2,3 हेर्नुहोस्) (50%)

   कार्यक्षेत्र:

   i) कास्ट आइरन इपोक्सी (EPoxy) कास्ट आइरन तथा पोलिभिनाइल क्लोराइड पाइपहरूको कटिङ, थ्रेडिङ, बेन्डिङ, ब्राकेट्स फिक्सिङ;

   ii) सिस्टर्न र वाटर पाइपको फ्लसिङ र जडान तथा फिटिङ । फलस वाटर सिस्टमको काम बिहान पूरा गरिनुपर्छ ताकि दिउँसो वाटर टेस्ट गर्न सकियोस् ।

   iii) सेनेटेरी वेयरको जडान - वाश बेसिन, शावर तथा हिटर प्वाइन्टका लागि पाइपिङ कनेक्सन पूरा गरिएको । शावर तथा मिक्सरलाई कपर पाइपहरूले जोडिनेछ ।

   वाश बेसिनलाई सिलिकन सिलेन्टले सिल गरिन्छ ।

2. हट तथा कोल्ड वाटर सप्लाई पाइपहरू जडान गर्ने र प्रेसर टेस्टिङसहित 15mm वाटर मिटर पोजिसन पूरा गरिएको । (ड्रइंग नं. 1,2 हेर्नुहोस्) (50%)

   i) कपर ट्युब कटिङ, बेन्डिङ, ब्राकेट्स फिक्सिङ;

   ii) पाइपको जडान, सबै केपिलरी ज्वाइन्टमा प्रेसरको जाँच, ज्वाइन्टलाई कम्प्रेस गर्ने तथा ज्वाइन्टलाई थ्रेडिङ गर्ने र ज्वाइन्टलाई सोल्जरिङ तथा ज्वाइन्टलाई ब्रेजिङ गर्ने ।

   iii) 35 x 22mm टि (tee) ज्वाइन्टहरू ब्रेजिङद्वारा बनाइन्छ; ग्यास वेल्डिङ अनिवार्य रूपमा तोकिएको बेन्चमा गरिनुपर्छ

समय अवधि : **6.75** घण्टा (खाना खाने समय बाहेक)


ध्यान दिनुपर्ने कुराहरू:

(1) सबै मापहरू विद्यमान सतहहरूमा मात्र लिइन्छ (अर्थात् वाल फिनिसिङका लागि स्वीकार्य आवश्यक पर्दैन);

(2) यदि परीक्षार्थीले टेस्ट अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ;

(3) यो प्रश्नपत्र 5 पेजको छ । पूर्णाङ्क (फुल मार्क) 100 हो । उत्तीर्णाङ्क (पास मार्क) 60 हो;

(4) यदि परीक्षार्थीले तोकिएको समय अवधि भित्र वाटर प्रेसर टेस्टमा उत्तीर्ण हुन नसकेमा प्राक्टिकल परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ ।





नोट:
डायमेंशन टोलरेन्स
+/- 10 mm

प्लान PLAN

## लेजेन्ड LEGEND

| | | | |
|---|---|---|---|
| WASH BASI वाश बेसिन | C.I.P | CAST IRON PIPE | कास्ट आयरन पाइप |
| WATER HI वाटर हीटर | C.P | COPPER PIPE | कपर पाइप |
| WATER CLOSET वाटर क्लोसेट | P.V.C.P | POLYVINYL CHLORIDE PIPE | पोलिभिनेल क्लोराइड |
| SHOWER शावर | G.I.P | GALVANIZED IRON PIPE | ग्याल्बनाइज्ड आयरन |
| LOOSE JUMPER TYPE STOP COCK लज जम्पर टाइप स्टाप कक | | | |


| | |
|---|---|
| प्लम्बिंग ट्रेड टेस्टिंग ड्राइंग 1 | ड्रइंग स्केल अनुसार छैन<br>सबै मापहरू mm मा छन |




नोट्स:

1. वाटर मीटरका लमाइ वाटर अथोरिटीको स्ट्याण्डर्ड मा आधारित हुनुपर्छ ।
2. वाश बेसिन 810mm फिनिश फ्लोर बाट, +/- 10mm टोलेरेंस
3. शावर भल्व 1000mm फिनिश फ्लोर बाट, +/- 10mm टोलेरेंस
4. वाटर हीटर 1140mm फिनिश फ्लोर बाट, +/- 10mm टोलेरेंस
5. सबै पाइप जोइंट्सहरु 10.5 kg /$CM^2$ मा टेस्ट गरिने हाइड्रोलिक प्रेसर को सामना गर्न सकने हुनुपर्छ । (परीक्षार्थी ले गर्नु पर्छ)

| | |
|---|---|
| प्लम्बिंग ट्रेड टेस्टिंग ड्राइंग 2 | ड्रइंग स्केल अनुसार छैन<br>सबै मापहरू mm मा छन् |




नोट: पि भी सी (PVC) पाइप र हाफ बेंड को डायमेंशन ड्राइंगमा आधारित हुनुपर्छ ।

+/- 25mm टोलेरेंस

B SECTION सेक्शन B

| | |
|---|---|
| प्लम्बिंग ट्रेड टेस्टिंग ड्राइंग 3 | ड्रइंग स्केल अनुसार छैन<br>सबै मापहरू mm मा छन् |

4

**परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू**

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिइएका कार्य ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन्।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन।

10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a. ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b. परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c. कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d. कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e. कार्यहरूको प्रगति
    f. सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g. औजार तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h. सुरक्षा सावधानीहरूको पालना
    i. अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j. परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले अनिवार्य रूपमा परीक्षालाई रोक्नुपर्नेछ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्नेछ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**